कृष्णपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
गुलरिया, कञ्चनपुर,सुदुरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या: २०८१/८२
चलानी नं. :

मिति: २०८१/०६/१४

# सूचना । सूचना।। सूचना।।।

**विषय: थारु आलु पकेट विकास कार्यक्रम सम्बन्धि सूचना।**
**प्रथम पटक सूचना प्रकाशन मिति २०८१/०६/१४**

आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कृष्णपुर नगरपालिका र USAID Agricultural Direct Financing Activity को सम्झौता कार्यक्रम अनुसार थारु आलु पकेट विकास कार्यक्रम यस न.पा. को वडा नं ०१, वडा नं ०६ र वडा नं ०९ मा संचालन हुने भएकाले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समुह/कृषि सहकारी/कृषि फर्म ले सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८१/०६/२८ गते) भित्र (आवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछी कार्यालय खुलेको पहिलो दिन) यस कार्यालयमा तपसिल बमोजिमका कागजातहरु सहित आवेदन पेश गर्न हुन सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संग्लग्न गर्नुपर्ने कागजात यस कार्यालयको सूचना पाटी/ वेबसाइट www.krishnapurmun.gov.np बाट प्राप्त गर्न सकिनेछ । रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल,

| क्र. स. | कार्यक्रम | संचालन गरिने क्रियाकलापहरु | न्युनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदान को सिमा |
|---|---|---|---|---|---|---|
| १ | थारु आलु प्रवर्धन कार्यक्रम | आलुको बीउ बिजन तथा अन्य उत्पादन सामग्रीहरुमा सहयोग | पकेटको जम्मा क्षेत्रफल कम्तिमा ३ हेक्टर (तोकिएको क्षेत्रफल चक्लाबन्दि भएको/ हुनसक्ने वा एउटै गाउँ/ बस्ति क्लस्टरमा) हुनुपर्ने | कृष्णपुर न.पा. वडा नं ०१, वडा नं ०६, वडा नं ०९ | कृषक समुह/कृषि सहकारी/कृषि फर्म | ५०% अनुदान |

खगेन्द्र प्रसाद भट्ट
प्रमुख प्रशासकिय अधिकृत

# कृष्णपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# कृषि विकास शाखा
गुलरिया, कञ्चनपुर,सुदुरपश्चिम प्रदेश, नेपाल


संग्लग्न गर्नु पर्ने कागजातहरु

१ प्रस्तावकको निवेदन (अनुसूची-०२ बमोजिम)
२ दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि (समुह/निजी कम्पनी/फर्म/सहकारी)
३ स्थायी लेखा नम्बर प्रमाणपत्र तथा गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
४ कार्यक्रम संचालनका लागि व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूची-०३ बमोजिम)
५ प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि
६ प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि
७ निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
८ जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा तोकिएको अवधिको करार पत्र।

लाल बहादुर धामी
कृषि शाखा प्रमुख

खगेन्द्र प्रसाद भट्ट
प्रमुख प्रशासकीय अधिकृत

खगेन्द्र प्रसाद भट्ट
प्रमुख प्रशासकिय अधिकृत

**बोधार्थ:**

१. श्री कृष्णपुर नगरपालिका नगर प्रमुखज्यू को सचिवालय: जानकारीका लागी अनुरोध गरिन्छ।
२. श्री कृष्णपुर नगरपालिका नगर उपप्रमुखज्यू को सचिवालय: जानकारीका लागी अनुरोध गरिन्छ।
३. श्री कृष्णपुर नगरपालिका सूचना प्रविधि शाखा Website मा अपलोड गरिदिन हुन।
४. श्री सूचना अधिकारी ज्यू जानकारीका लागि अनुरोध गरिन्छ।
५. श्री कृष्णपुर नगरपालिका वडा नं ०१, वडा नं ०६ र वडा नं ०९ को कार्यालय सूचना पाटीमा टाँस गरि दिन हुन।